# धुनिबेशी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

खानीखोला धादिङ

बागमती प्रदेश, नेपाल

## पशुपन्छी तथा मत्स्य विकास शाखा

पत्र संख्या : ०७७/७८
चलानी नम्बर :

मिति : २०७८/०९/१२

## प्रस्ताव आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७८/०९/१२

आ.व. २०७७/७८ मा संघिय सरकारवाट प्राप्त शशर्त अनुदान तर्फको कार्यक्रम अनुसार ५० प्रतिशत लागत साझेदारीमा निम्न लिखित कार्यक्रमहरु नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयको "पशुपन्छी तथा मत्स्य प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि २०७८" बमोजिम संचालन गनुपर्ने भएको हुंदा सो कार्यक्रम संचालन गर्न इच्छुक कृषक/पशुपन्छी फार्म/सहकारी संस्था/कृषक समूह/समितिहरुले तपसिल वमोजिमका कागजात सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिन (अर्थात मिति २०७८/०९/२६ गते) भित्र कार्यालय समयमा तोकिएको ढांचा (अनुसूची ३ बमोजिम) निवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु उपर कुनै कारवाही हुने छैन । थप जानकारीको लागि धुनिवेशी नगरपालिका पशुपन्छी विकास शाखामा सम्पर्क गर्न सकिनेछ ।

**तपशिल :**

| क्र.सं. | कार्यक्रमको नाम | ईकाइ | परिमाण | अनुदान रकम (रु.हजारमा) | संचालन गरिने क्रियाकलापहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मासु मिसन कार्यक्रम अन्तर्गत पाडा प्रवर्द्धन कार्यक्रम | संख्या | १ | १७०० | पशु खरिद, गोठ सुधार, पशु उपचार तथा खोप सेवा आदि । | |
| २ | घाँस मिसन अन्तरगत डालेघांस नर्सरी स्थापना | संख्या | १ | ४०० | नर्सरी स्थापना सम्वन्धि तालिम, घांस तथा डालेघांसको विउ वेर्ना आपुर्ती तथा नर्सरी स्थापना तथा संचालन | |

**आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु**

१. अनुसूची ३ बमोजिमको निवेदन (पशुपन्छी विकास शाखावाट प्राप्त हुने)
२. कृषक/सहकारी संस्था/कृषक समूह/समिति/निजी संस्थाको फर्म दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि र सहकारी संस्थाको हकमा सम्बन्धित व्यवसाय सञ्चालन गर्ने उदेश्यले खुल्ने कागजहरुको प्रतिलिपी
३. कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौतानामा ।
४. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।
५. सहकारी संस्था, कृषक समूह/समिति तथा संगठित संस्था भए संस्थाले कार्यक्रम सञ्चालन गर्ने निर्णयको प्रतिलिपि ।
६. कृषक, सहकारी संस्था, कृषक समूह/समिति/निजी संस्थाका सदस्यहरुको नामावली
७. संक्षिप्त कार्ययोजना (अनुसुची २ बमोजिम) ।
८. सम्वन्धित वडा कार्यालयको सिफारीस पत्र ।
९. रु. १० को टिकट
१०. सो सम्वन्धि तालिम लिईएको भए सो को विवरण
११. ५ वर्ष सम्म कार्यक्रम संचालन गर्ने प्रतिवद्धता पत्र

टंक बहादुर कटुवाल
अधिकृत (छैटौं)

**बोधार्थ तथा कार्यार्थ**

श्री सूचना प्रविधि शाखा : website मा राखिदिनुहुन तथा सबै वडाहरुमा email गरिदिनुहुन ।
श्री रेडियो राजमार्ग तथा कृषि रेडियो : सूचना प्रकाशन/प्रसारण गरिदिनुहुन ।